सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को दफा(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नामः महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सूचना सार्वजनिक गरेको अवधिः २०७५ पौष देखि चैत मसान्त सम्म

१. निकायको स्वरुप र प्रकृतिः

"ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम" को रुपमा आ.व. २०३९।०४० मा शुरु भएको महिला विकास अभियान कार्यक्रमहरुबाट प्राप्त उपलब्धी, अनुभव र समसामयिक आवश्यकताका आधारमा २०५२ असोज ६ गते "महिला तथा समाज कल्याण मन्त्रालय" को स्थापना भयो । महिला तथा समाजका विभिन्न वर्गको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तिकरण गर्दै दिगो शान्ति एवं विकासमा उनीहरुको भूमिकालाई सशक्त बनाउने कार्यमा संलग्न महिला तथा समाज कल्याण मन्त्रालयको नाम बालबालिकालाई अझ उच्च प्राथमिकता दिने हेतुले २०५७ मा मन्त्रालयको नाम परिवर्तन गरी "महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय" नामाकरण गरियो । २०७५ सालबाट यस मन्त्रालयको नाम महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय रहेको छ ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ आनुसार महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको कार्यक्षेत्र भित्र महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनको साथै अध्ययन, अनुसन्धान तथा सर्वेक्षणका विषयहरु तोकिएका छन् । यसैगरी अनाथ बालबालिका, असहाय महिला, बृद्धरबृद्धा, अपाङ्गता भएका व्यक्तिहरु र अशक्तको संरक्षण, बालबालिकाको कल्याण, ज्येष्ठ नागरिकको सुरक्षा र कल्याण, महिला कल्याण तथा सीप विकास पनि यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्दछन् । यस मन्त्रालयको दायरा भित्र राष्ट्रिय महिला आयोग, समाज कल्याण परिषद्, समाज कल्याण केन्द्र बृद्धाश्रम र बाल मन्दिरका विषयहरु पनि पर्दछन् ।

महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी राष्ट्रियरअन्तराष्ट्रिय तथा क्षेत्रीय संघरसंस्थासंग सम्पर्क र समन्वय तथा परिचालन र सरकारी तथा गैर सरकारी संघरसंस्थाद्वारा कार्यान्वयन गरिएका महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी कार्यक्रमको अनुगमन गर्ने

लगायत धर्मपुत्रधर्मपुत्री, लैंङ्गकि हिंसा सम्बन्धी विषयहरु पनि नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्न आउादछ ।

यसरी विभिन्न नीति, ऐन, नियम (कानूनहरु), दीर्घकालीन तथा आवधिक योजनाहरु, नेपाल पक्ष भएका क्षेत्रीय एवं अन्तराष्ट्रिय महासन्धि तथा इच्छाधिन आलेखहरु, नेपाल पक्ष भएका विभिन्न अन्तराष्ट्रिय सभा(सम्मेलनहरु यस मन्त्रालयका कार्यादेशका आधारहरु हुन । यस बमोजिम मन्त्रालयले महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र तेश्रो लिङ्गी समेतको लागि समय सापेक्ष नीति निर्माण, समन्वय र सहकार्य तथा कार्यक्रम संचालन(मूलतः सचेतना अभिबृद्धि र सशक्तिकरण गर्ने कार्य गर्दछ ।

समग्रतामा मूलप्रवाहीकरण, सशक्तिकरण र समावेशीकरण जस्ता रणनीतिको आधारमा समतामय सम्पन्न समुदाय निर्माण गर्न विभिन्न विपन्न वर्गका लागि समयको प्रवाहसंगै सार्थक पहल गर्ने उद्देश्यपूर्तिका लागि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय स्थापना भएको हो ।

२. निकायको काम, कर्तव्य र अधिकारः

नेपाल सरकार कार्यविभाजन नियमावली २०७४ बमोजिम महिला, बालबालिकातथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्यक्षेत्र

१) महिला हक एवं सशक्तिकरण सम्बन्धी नीति, कानून र मापदण्ड,

२) अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री,

३) महिला हिंसा, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण,

४) जेष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएका व्यक्ति सम्बन्धी,

५) महिला सशक्तिकरण तथा लैङ्गिक समानताका विषयमा अध्ययन, अनुसन्धान,

६) लैङ्गिक हिंसासम्बन्धी निरोधात्मक र पुनर्स्थापना सम्बन्धी नीति, कानून र मापदण्ड,

७) बालबालिका, बालकल्याण, उद्धार, पुनर्स्थापना र बृद्धाश्रम सम्बन्धी नीति, कानून, र मापदण्ड,

८) गैरसरकारी संस्था सम्बन्धी नीति, कानून, मापदण्ड, नियमन र अनुगमन,

९) राष्ट्रिय महिला आयोग,

१०) समाज कल्याण परिषद्,

११) मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,

१२)मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनीआदिको सञ्चालन र नियमन ।

३. निकायमा रहने कर्मचारी सख्या विवरणः

संगठन संरचना

- महिला, वालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः दरबन्दी संख्या ८६
- महिला तथा वालबालिका बिभाग : दरबन्दी संख्या १९
- समाज कल्याण परिषद : दरबन्दी संख्या १७०
- केन्द्रिय बाल कल्याण समिति : दरबन्दी संख्या ४०(अस्थाई र परियोजनाका समेत)
- पशुपती वृद्धाश्रम : दरबन्दी संख्या २९(अस्थाई र करार समेत)
- बाल सुधार गृहः भक्तपूर, कास्की, मोरङ, मकवानपूर, डोटी, रुपन्देही, बाँके, पर्सा
- बाल गृहः मोरङ, सप्तरी, रुपन्देही
- दिवाशिशु स्याहार केन्द्रः सिंहदरवार

४. निर्णय गर्ने प्रक्रिया र अधिकार

- मन्त्रालयको आन्तरिक व्यवस्थापनको लागि ३ चरण
- क्याविनेटमा जाने प्रस्तावको लागि ४ चरण

५. निर्णयउपर उजुरी सुन्ने अधिकारीः

- उजुरी सुन्ने अधिकारी उप सचिवश्री पृथ बहादुर के.सी. (कर्मचारी प्रशासन शाखा) गुनासो उपर पुनारावेदन सुन्ने अधिकारी सह सचिव सहसचिव श्री राजेन्द्र कुमार पौडेल (कर्मचारी प्रशासन महाशाखा)

६. सेव प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रालयको संगठनिक संरचना



७. **सूचना अधिकारी र प्रमुखको नाम र पद**

सचिव, श्री चन्द्र कुमार घिमिरे , सम्पर्क नम्बर ४२००४०८

सूचना अधिकारी श्री सुनिता नेपाल (उपसचिव), सम्पर्क नम्बर ४२००२७५

८. **ऐन, नियम,विनियम वा निर्देशिकाको सूची :**

क) राष्ट्रिय कार्ययोजनाहरू

- बालबालिका सम्वन्धि राष्ट्रिय नीति २०६९
- ज्येष्ठ नागरिक सम्वन्धी कार्ययोजना, २०६२,
- अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३
- लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना २०६९-२०७४
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनको लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६०
- लैङ्गिक समानता तथा महिला सशक्तिकरण (बेइजिङ्ग कार्ययोजना) कार्यान्यनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६१
- मानव बेचविखन विशेष गरी महिला तथा वालवालिकाहरूको बेचविखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र यसको कार्यान्वयन कार्ययोजना २०७१
- वालवालिकाका लागि राष्ट्रिय कार्ययोजना
- किशोर किशोरीको समग्र विकासका लागि राष्ट्रिय कार्ययोजना, (२०७०।७१ - २०७४।७५)

ख) ऐन, निदेर्शिका, रणनीति, कार्यवधि तथा मापदण्डहरू

बालबालिकासम्बन्धी

- बालविवाह अन्त्यको लागि राष्ट्रिय रणनीति, २०७२
- बालबालिका सम्बन्धी ऐन २०७५
- बालबालिकासम्बन्धी नियमावली, २०५१
- बालन्याय (कार्यविधि) नियमावली,, २०६३
- आपत्कालीन बालउद्धार कोष (सञ्चालन) नियमावली, २०६७
- अन्तर्देशीय धर्मपुत्र धर्मपुत्री विकास समिति गठन आदेश, २०६७
- बालसुधार गृह सञ्चालन निर्देशिका, २०५७
- बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४
- आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९

- सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२
- बालविवाहा विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि २०७५
- सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि २०७५
- बालगृहसंचालन कार्यविधि २०७५
- आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९

महिलासम्बन्धी

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (नियन्त्रण) ऐन, २०७१
- बोक्सी आरोपविरुद्धको कसुर र सजाय ऐन, २०७२
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५
- एकल महिला सुरक्षा कोष नियमावली, २०७०
- लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनको लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६०
- लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना २०६१
- ज्येष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२,
- मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र यसको कार्यान्वयन योजना, २०७१
- छाउपडी प्रथा उन्मुलन निर्देशिका, २०६४
- पुनस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८
- पुनस्थापना कोष सञ्चालन निर्देशिका, २०६८
- मानव बेचबिखन विरुद्धको अभियानमा संलग्न सरोकारहरूका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका, २०६८
- मानव बेचबिखन तथा ओसारपसारबाट पीडित र प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६४
- मानव बेचबिखन तथा ओसारपसर विरुद्धको राष्ट्रिय समितिको सदस्य छनौट मापदण्ड, २०७४
- एकल महिला सुरक्षाकोष सञ्चालन मापदण्ड, २०७१
- राष्ट्रिय महिला आयोग ऐन, २०७४

अपाङ्गता भएका व्यक्तिसम्बन्धी

- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, २०७४ (संशोधित)
- अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१
- अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण कार्यविधि, २०६५ (नमूना)
- सि.वि.आर. कार्यक्रम सञ्चालन निर्देशिका, २०६८
- अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९
- अपाङ्गता भएका व्यक्तिलाई हवाई यात्रामा दिइने छुट वा सहुलियतसम्बन्धी कार्यविधि, २०६३
- पूर्ण अपाङ्गता भएका व्यक्तिहरूको लागि आवासीय पुनस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०७२
- अपाङ्गता भएका व्यक्तिहरूको क्षेत्रमा काम गर्ने संस्थालाई स्थानीय तह मार्फत उपलब्ध गराउने अनुदान सम्बन्धी (नमूना) कार्यविधि २०७१

ज्येष्ठ नागरिकसम्बन्धी

- ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३
- ज्येष्ठ नागरिकसम्बन्धी नियमावली, २०६५
- ज्येष्ठनागरिक राष्ट्रिय कार्ययोजना, २०६२

अन्य

- समाजकल्याण ऐन, २०४९
- सिंहदरवार परिसर भित्र निजामती कर्मचारीका शिशुहरुको लागि संचालित दिवा शिशु स्याहार केन्द्र संचालन कार्यविधि २०७१
- अल्पकालिन सेवा केन्द्रको नमुना कार्यक्षेत्रगत शर्त (Terms of Reference), २०७४

९. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण

आ.व.०७५।०७६ को दोस्रो चौमासिक प्रगतिको अद्यावधिक विवरण

सि.न.	ब.उ.शि.नं.	कार्यक्रमको नाम	वार्षिक वजेट रु. हजारमा	दोस्रो चौमासिक बजेट (रु हजारमा)	प्रथम चौमासिक खर्च (०००)	भौतिक प्रगति (%)	वित्तिय प्रगति (%)
१	३४००११	महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय p1	५८३००	१६५९४	२१९८०	१००	१३२.४५
२	३४००१४	समाज कल्याण केन्द्रहरु p1	२६४,००	१२९३४	४३५८	१००	३३.६९
३.	३४०१०२	महिला सशक्तीकरण कार्यक्रम (मन्त्रालयस्तर) p1	४०८००	१७९८५	३९७८	८२	२२.११
४.	३४०१०५	समाज कल्याण कार्यक्रम (ज्येष्ठ नागरिक कार्यक्रम समेत) p1	५६५,००	२९९५०	२१२९०	७६.५	७१.०८
५.	३४०१०७	वालकल्याण कार्यक्रम p1	३४१,००	११८६७	१०५७०	९४.९४	८९.०७
६.	३४०१०१	महिला विकास कार्यक्रम (केन्द्रस्तर/विभाग) p1	२८७००	९२८४	५२४२	९२.८६	५६.४६
७.	३४०११२	लैङ्गिकहिंसा निवारणका लागि महिला संस्थाहरुको एकीकृत विकास कार्यक्रम p1	३०५५,००	८२८०	२४३७४	१००	२९४.३७
८.	३४००१३	समाजकल्याण परिषद् p2	२५००	८००	१६६७	१००	२०८.४
९.	३४०१०८३	वालकल्याण समिति p2	९१३००	२८१८०	१३००६	७७.१२	४६.१५

१०.	३४०११३	राष्ट्रपति महिला उत्थान कार्यक्रम p2	२९५७००	१७७२००	७९९७०	७८	४५.१३
		जम्मा	**९३९८००**	**३१३०७४**	**१७१०६१**		**५४.६४**

१०. **http://mowcsc.gov.np/ मा वार्षिक प्रगति प्रतिवेदन राखिएको**

११. **मन्त्रालयको वेबसाइटः http://mowcsc.gov.np/**

१२. **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सोउपर सूचना दिएको विवरण**

आ.व. २०७५।०७६ को दोस्रो चौमासिकमा माग भएको सूचनाको विवरणः

२० वटा सूचना माग भएको जसमध्ये १ वटा सूचनामा लिखित सूचना उपलब्ध गराईएको र १९ वटा टेलिफोन मार्फत सूचना उपलब्ध गराईएको ।

१३. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन हुने विवरण**

http://dwd.gov.np/en

http://www.icab.gov.np/

http://www.swc.org.np/downloads/

१४. स्वीकृत वार्षिक कार्यक्रम

आ.व. २०७५/७६ को बार्षिक स्वीकृत बजेट

बजेट रु. हजारमा

सि.नं.	बजेट उप शीर्षक	कार्यक्रम/ आयोजना	आ.व.०७४/७५ को वार्षिक स्वीकृत वजेट	आ.व.०७५/७६ को वार्षिक स्वीकृत वजेट	चालु	पूँजीगत	नेपाल सरकार	वैदेशिक	कुल जम्मा
१	३४००११३/४	महिला, वालवालिका तथा समाजकल्याण मन्त्रालय (P1)	६३६६८	५८३००	५७४००	९००	५८३००	०	५८३००
२	३४००१३	समाजकल्याण परिषद् (P2)	२००००	२५००	२५००	०	२५००	०	२५००
३	३४००१४	समाजकल्याण केन्द्रहरु (P1)	४८९०९	२६४००	२६०००	४००	२६४००	०	२६४००
४	३४०१०१३/४	महिला विकास कार्यक्रम,(P1) (विभाग)	६६४४२	२८७००	२८४००	३००	२८७००	०	२८७००
५	३४०१०२३/४	महिला सशक्तीकरण कार्यक्रम (P1)	११३८७७	४०८००	४०६००	२००	४०८००	०	४०८००
६	३४०१०५३	समाजकल्याण कार्यक्रम (ज्येष्ठ नागरिक कार्यक्रम समेत) (P1)	१३९४७५	५६५००	५६५००	०	५६५००	०	५६५००
		समाजकल्याण कार्यक्रम (अपाङ्गता तथा सि.वि.आर कार्यक्रम समेत) (P1)	१२१६६३						
७	३४०१०७३/४	वाल कल्याण कार्यक्रम (P1)	८४२८८	३४१००	२३४००	१०७००	३४१००	०	३४१००
८	३४०१०८३/४	वालकल्याण समिति (P2)	७८६०१	९१३००	९१३००	०	५१७००	३९६००	९१३००
९	३४०११२३/४	लैंगिक हिंसा निवारणकालागि महिला संस्थाहरुको एकीकृत विकास कार्यक्रम (जिल्लास्तर) (P1)	२८३३६९	३०५५००	३०५५००	०	०	३०५५००	३०५५००
१०	३४०११३	राष्ट्रपति महिला उत्थान कार्यक्रम	११०३२०	२९५७००	२९५७००	०	२९५७००	०	२९५७००
	जम्मा		**११३०६१२**	**९३९८००**	**९२७३००**	**१२५००**	**५९४७००**	**३४५१००**	**९३९८००**

१५. प्राथमिकता प्राप्त (P1) आयोजना/कार्यक्रमहरुको आ.व. २०७५/०७६ को दोस्रो चौमासिक समीक्षा कार्यक्रमको स्थिति, कार्यन्वयनमा देखिएका समस्या र समाधानार्थ भएका प्रयासहरु

मन्त्रालय/निकायको नाम :- महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

- पहिलो प्राथमिकता प्राप्त आयोजना/कार्यक्रमहरुको जम्मा संख्या :- ७
- सो मध्ये प्रगति विवरण प्राप्त आयोजना/कार्यक्रमहरुको संख्या :- ७
- ८० प्रतिशत वा सो भन्दा माथि प्रगति हासिल गरेका आयोजना/कार्यक्रमहरुको संख्या :-४
- ५० प्रतिशतदेखि ७९.९९ प्रतिशतसम्म प्रगति हासिल गरेका आयोजना/कार्यक्रमहरुको संख्या :-२
- ५० प्रतिशतभन्दा कम प्रगति हासिल गरेका आयोजना /कार्यक्रमहरुको संख्या :- २

क्र. सं.	बजेट उपशिर्षक	आयोजना/ कार्यक्रमको नाम	प्रगति स्थिति (%) मा		यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु	कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ)	समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ)	कैफियत
			भौतिक	वित्तिय				
१	३४०१०२३।४	महिला सशक्तिकरण कार्यक्रम	८२	२२.११	• लैगिंक हिंसा निवारणको लागि पुरुषहरुको संजाल निर्माणको लागि यस बर्ष अभिनेता श्री मदनकृष्ण श्रेष्ठ श्री हरिवंश आचार्य र श्री सिताराम कट्टेललाई Male Leaders को रुपमा नियुक्त गर्ने निर्णय भएको । • Male Leaders सम्बन्धी TOR प्रकाशन भएको । • लैगिंक हिंसा निवारण कोषमा ४० लाख थप गरिएको । • संगित सहितको TV jingle उत्पादन तथा प्रसारण गर्न नेपाल टेलिभिजन सँग सम्झौता भइसकेको । • ७ वटै प्रदेशमा लैगिंक हिंसा विरुद्धको १६ दिने अभियान अन्तरक्रिया संचालन गरी भव्य रुपमा सम्पन्न भयो । सवै प्रदेशमा भएको कार्यक्रमको प्रतिवेदनहरुलाई संलग्न गरी एकमुष्ठ प्रतिवेदन बनाउने कार्य भएको । • लैङ्गिक हिंसा कोष निवारण नियमावली २०६७ को संशोधन प्रकृया अगाडी बढेको	• महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुको सशक्तीकरण, संरक्षण र विकास सम्बन्धी कार्यक्रमहरुको निरन्तरता • बिगत बर्षहरुमा ठेक्का सम्झौता भएका तथा काम सम्पन्न भएका यस बर्ष भूक्तानी हुनु पर्ने करिब रु ५ करोड ३९ लाख रकमको व्यवस्था नभएको • विभिन्न ऐन तथा निर्देशिकाहरुबाट जिल्लामा सञ्चालित विभिन्न प्रयोजनका कोषहरुको परिचालनमा अवरोध (	• कर्मचारी व्यवस्थापन र महिला विकास कार्यक्रमको उपलब्धी जगेर्ना गर्न आवश्यक समन्वय भैरहेको । • प्रदेश मन्त्रालयका मन्त्री र सचिवहरुसंग अन्तरकृया गोष्ठी संचालन गरेको । • अन्तर मन्त्रालयस्तरीय	

क्र. सं.	बजेट उपशिर्षक	आयोजना/ कार्यक्रमको नाम	प्रगति स्थिति (%) मा		यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु	कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ)	समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ)	कैफियत
			भौतिक	वित्तिय				
					• लैंगिक हिंसा विरुद्धका विभिन्न मुद्धाहरुमा अदालतको आदेश र मन्त्रिपरिषद्को निर्णण बमोजिम १६ जना लैंगिक हिंसाका पिडित प्रभावितहरुलाई क्षेतिपूर्ति प्रदान गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरिएको । • मंगला साहना दिर्घकालिन पुनर्स्थापना केन्द्र संचालनमा निरन्तरता, र हाल २१ जनाले सेवा लिइरहेका • प्रदेश १ मा अमेरिकी दुतावासको सहयोगमा निर्मित पुनर्स्थापना केन्द्र प्रदेश सरकार सामाजिक विकाश मन्त्रालयलाई हस्तान्तरण भएको • लैंङ्गिक हिंसा विरुद्धका जनचेतनामूलक सामाग्री रेडियोबाट प्रसारण भइरहेको । • मानव बेचविखन तथा ओसारपासार नियन्त्रण विरुद्धको राष्ट्रिय समिती तथा उपसमितीहरुको बैठक सम्पन्न • भारतको मणिपुर हुँदै अवैध मार्ग प्रयोग गरि ईराक लगायतका मुलुकहरुमा लैजान लागेका मानव बेचविखनका १७९ जना पिडितहरुलाई उद्धार गरि सम्बन्धित परिवारको जिम्मा लगाएको • मानब बेचबिखनकको जोखिममा रहेका क्षेत्र वर्ग पहिचानको लागि सर्वेक्षण कार्य अगाडी बढेको • पुनर्स्थाना कोषमा रु १ करोड थप गरि मानब बेचबिखनका पिडित प्रभावितहरुको १० वटा पुनर्स्थापाना केन्द्र मार्फत संरक्षण गरिएको • मानब बेचबिखन तथा ओसारपासार नियन्त्रण ऐन केहि	लैङ्गिक हिंसा निवारण कोष, मानव बेचबिखन नियन्त्रण कोष, एकल महिला सुरक्षा कोष, चालुकोष, आपत्कालीन बाल उद्धारकोष) • कर्मचारी व्यवस्थापन तथा तलब भत्ता भुक्तानी/सामाजिक परिचालिकाको प्रोत्साहन भत्ता ।	समन्वय भैरहेको ।	

क्र. सं.	बजेट उपशिर्षक	आयोजना/ कार्यक्रमको नाम	प्रगति स्थिति (%) मा		यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु	कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ)	समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ)	कैफियत
			भौतिक	वित्तिय				
					नेपाल ऐन संशोधन अन्तर्गत संशोधन भैसकेको र नियमावली संशोधन प्रक्रिया अगाडी बढेको • मानब बेचबिखन सम्बन्धि राष्ट्रिय प्रतिवेदन तयारी कार्य अन्तिम चरणमा पुगेको • <u>तथ्यांक विश्लेषण तथा प्रकाशन शाखा</u> • लैंगिक तथा यौनिक अल्पसंख्यक सम्बन्धमा अभिमुखीकरण कार्यक्रम संचालन • वार्षिक प्रतिवेदन प्रकाशन • प्रेस क्लिपिंग सेवाबाट प्राप्त सूचना विश्लेषणको काम भैरहेको • मन्त्रालयको मुखपत्र सशक्तीकरण जर्नल प्रकाशनको काम भैरहेको • लैंगिक तथ्यांक अध्यावधिक गर्ने कार्य अगाडी बढेको • समलिंगी विवाहलाई कानुनी मान्यता दिने विषयमा छलफल भैरहेको छ			
२	३४०१०५३।४	समाज कल्याण कार्यक्रम (अपाङ्गता, सि.बि.आर र ज्येष्ठ नागरिक कार्यक्रम समेत)	७६.५	७१.०८	<u>ज्येष्ठ नागरिक</u> • प्रदेश सरकारको समन्वयमा प्रदेश नं. १ र ५ का ज्येष्ठ नागरिक सम्बन्धी संघ संस्थाहरुलाइ ज्येष्ठ नागरिक सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय सन्धि सम्झौता बारेमा जानकारी गराइएको • काठमाडौं उपत्यका भित्र रहेका ज्येष्ठ नागरिक सम्बन्धी संस्थाहरुलाई पहिलो किस्ता स्वरुप अनुदान उपलव्ध गराईएको, उपत्यका बाहिर रहेको संस्थाहरुलाई सम्बन्धित स्थानीय तह मार्फत नै अनुदान उपलव्ध गराइएको । • पशुपति वृद्धाश्रम स्थानान्तरणका लागि १० रोपनी जग्गा प्राप्तिका लागि पशुपति क्षेत्र विकास कोषलाई अनुरोध गरिएको ।	अपाङ्गता, सि.बि.आर र ज्येष्ठ नागरिक सम्वन्धी स्विकृत कार्यक्रम समेत कार्यान्वयन गर्न तीनतहको सरकारको नीतिगत अस्पष्टता रहेको ।	नीतिगत स्पष्टताका लागि प्रकृया अघि बढेको ।	

क्र. सं.	बजेट उपशिर्षक	आयोजना/ कार्यक्रमको नाम	प्रगति स्थिति (%) मा		यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु	कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ)	समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ)	कैफियत
			भौतिक	वित्तिय				
					• सातवटै प्रदेशमा ज्येष्ठ नागरिक आरोग्य आश्रम निर्माण/संचालनका लागि अवधारणा सहित अख्तियारी पठाइएको । **अपाङ्गता, सि.वि.आर.कार्यक्रम** ❑ ८० जना अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई पुनर्स्थापना सेवा निरन्तरता ❑ २४६८ थान सहायक सामग्री उत्पादन र वितरण वितरण (हाल सम्म) ❑ समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन (सबै स्थानीय तह र प्रदेश बाट) ❑ १४६ जना कुष्ठरोगीहरुको पुनर्स्थापना ❑ सांकेतिक भाषामा रेडियो/टेलिभिजन कार्यक्रम संचालन ❑ अपांगता आवाज सचेतनामुलक रेडियो कार्यक्रम ❑ अपाङ्गता परिचय पत्र वितरण नमुना कार्यविधि बनाइ सबै स्थानीय तहमा पठाएको, ❑ Count me, Include us मलाई गणना गर, समावेश गर भन्ने राष्ट्रिय नाराका साथ राष्ट्रिय अपाङ्ग महासंघ सँगको समन्वयमा मा.मन्त्रीज्यूको अध्यक्षतामा अन्तर्राष्ट्रिय अपाङ्गता अधिकार दिवस (Dec.3) भव्यताका साथ मनाइएको ।			
३.	३४०१०७३।४	वालकल्याण कार्यक्रम	९४.९४	८९.०७	❑ दिवा शिशु स्याहार केन्द्रको भवन थप गर्ने प्रयोजनार्थ विनियोजन भएको रकम सिहंदरबार पुनः निर्माण सचिवालयलाई निकासा उपलव्ध गराइएको	नयां स्थापना भएका बाल सुधार गृहहरुको व्यवस्थापनमा नीतिगत अस्पष्टता ।	बाल सुधार गृहहरुको व्यवस्थापनका लागि नीतिगतरुपमा प्रष्ट पार्न प्रक्रिया अघि वढेको ।	

क्र. सं.	बजेट उपशिर्षक	आयोजना/ कार्यक्रमको नाम	प्रगति स्थिति (%) मा		यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु	कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ)	समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ)	कैफियत
			भौतिक	वित्तिय				
					❑ बेबारिसे जोखिममा परेका, अनाथ बालबालिकाहरुको आवासीय संरक्षण र हेरचाह गर्ने प्रयोजनको लागि नेपाल बाल संगठनलाई अनुदान उपलव्ध गराइएको । हाल बाल संगठनमा ४०० जना शिशुहरु संरक्षणमा रहेका । ❑ बालबालिका सम्बन्धी ऐन २०७५ स्वीकृती भई बालबालिका सम्बन्धी नियमावली तर्जुमाको लागि समिति गठन भई कार्य भईरहेको ❑ कानूनी विवादमा परेका बालबालिकाहरुलाई बालसुधार गृहमा राखी उनीहरुको आचारणमा सुधार ल्याउने उद्धेश्यले संचालित बालसुधार गृहहरुलाई दोस्रो चौमासिक वापतको अनुदान रकम उपलब्ध गराईएको । ❑ निजामती कर्मचारीका ३ महिना देखि ३ वर्ष सम्मका शिशुहरुको कार्यालय समयमा हेरचाह गर्ने प्रयोजनमा लागि संचालित दिवा शिशु स्याहार केन्द्र संचालनका लागि निजामती कर्मचारी श्रीमती संघलाई दोस्रो चौमासिकका लागि विनियोजित अनुदान रकम निकासा दिईएको । हाल उक्त केन्द्रमा ८६ जना शिशुहरु रहेका छन् ❑ सडक बालबालिकाको व्यवस्थापनका लागि केन्द्रिय बालकल्याण समितिलाई अख्तियारी प्रदान गरिएको । ❑ केन्द्रीय आपतकालिन बाल उद्धार कोषमा अनुदान रकम जम्मा गरिएको । उक्त कोषबाट चालु आ.व.मा २ जना बालबालिकालाई आर्थिक सहयोग उपलव्ध गराइएको ।			

क्र. सं.	बजेट उपशिर्षक	आयोजना/ कार्यक्रमको नाम	प्रगति स्थिति (%) मा		यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु	कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ)	समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ)	कैफियत
			भौतिक	वित्तिय				
					❑ अन्तर्राष्ट्रिय बाल अधिकार दिवस नोभेम्बर २० भव्यताका साथ मनाइएको । ❑ बालबालिका सम्बन्धी ऐन २०७५ लागु भएको । | ❑ दिवा शिशु स्याहार केन्द्रको भवनमा तला थप गर्ने कार्य भइरहेको । ❑ ७७ वटै जिल्लामा बाल न्याय समन्वय समिति मार्फत बाल इजलास संचालन भइरहेको । ❑ मन्त्रालय र SAIEVAC को संयुक्त आयोजनामा Child sexual abuse, exploitation and online safety सम्बन्धी विषयमा राष्ट्रिय कार्ययोजना निर्माणको चरणमा रहेको । ❑ नमुना कार्यविधिहरु (सडक बालबालिका व्यवस्थापन खर्च कार्यविधि, २०७५, बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि, २०७५ र बालगृह संचालन कार्यविधि स्वीकृत गरी सम्बन्धित तहमा पठाइएको ।			
४.	३४०१०१ ३/४	महिला तथा बालबालिका बिभागबाट सम्पन्न भएका कार्य(केन्द्रस्तर)	**९२.८६**	५६.४६	• महिला सशक्तीकरण तथा हिंसा निवारणका सन्दर्भमा स्थानीय तहमा खटिने महिला विकासका कर्मचारी, सामाजिक परिचालिका र महिला विकास कार्यक्रमबाट प्रवर्द्धित संस्थाका पदाधिकारीहरुका लागि नेतृत्व तथा संस्थागत विकास तालिम ९ दिने **२ पटक** • प्रदेश तथा स्थानीय तहमा कार्यरत महिला तथा बालबालिका शाखा हेर्ने कर्मचारीहरुका लागि महिला सशक्तिकरण, लैङ्गिक हिंसा निवारण र बालसंरक्षण सम्बन्धी क्षमता विकास प्रशिक्षक प्रशिक्षण तालिम **२ पटक** • ७ जिल्लाका ८ स्थानीय तहमा पुरुष सहभागीता रणनीति प्रचार प्रसार तथा पुरुष सहभागीता वृत्तचित्र प्रदर्शन •	• महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुको सशक्तीकरण, संरक्षण र विकास सम्बन्धी कार्यक्रमहरुको निरन्तरता • विगत बर्षहरुमा ठेक्का सम्झौता भएका तथा काम सम्पन्न भएका यस बर्ष भूक्तानी हुनु पर्ने करिब रु ५ करोड ३९ लाख रकमको व्यवस्था नभएको • विभिन्न ऐन तथा निर्देशिकाहरुबाट जिल्लामा सञ्चालित विभिन्न प्रयोजनका कोषहरुको परिचालनमा अवरोध (	• व्यवस्थापन र महिला विकास कार्यक्रमको उपलव्धी जगेर्ना गर्न आवश्यक समन्वय भैरहेको । • प्रदेश मन्त्रालयका मन्त्री र सचिवहरुसंग अन्तरकृया गोष्ठी संचालन गरिएको । अन्तर मन्त्रालयस्तरीय समन्वय भैरहेको ।	

क्र. सं.	बजेट उपशिर्षक	आयोजना/ कार्यक्रमको नाम	प्रगति स्थिति (%) मा		यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु	कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ)	समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ)	कैफियत
			भौतिक	वित्तिय				
					श्रोत सामाग्री प्रकाशनतर्फ • लैङ्गिक हिंसा निवारणका लागि पुरुष सहभागिता प्रवर्द्धन गर्न **महिला पुरुष समविकास सहजीकरण प्रशिक्षण** पुस्तिका तयारी, छपाई तथा वितरण, १००० प्रति • लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरुको एकीकृत विकास कार्यक्रमको हालसम्मको उपलब्धि तथा सिकाईहरुको विश्लेषण सहित **वार्षिक प्रतिवेदन** तयारी, छपाई तथा वितरण, १५०० प्रति • विद्यालय विमुख किशोरीको बहुआयामिक विकास सम्बन्धी **महिला विकासमा किशोरी विशेष कार्यक्रम प्रदीपिका** श्रोत सामाग्री तयारी, छपाई र वितरण, २५०० प्रति • **महिला विकासका विधिविधा** (स्थानीय तहका लागि तयार पारिएको श्रोत) पुस्तिका छपाई, २००० प्रति • स्थानीय तहमा महिला सशक्तिकरण तथा लैङ्गिक हिंसा निवारणका लाग महिला विकास कार्यक्रम सञ्चालन सम्बन्धी (**महिला तथा बालिका उपर हुने हिंसा अन्त्यकालागि पुरुष सहभागीता रणनीति, २०७५**) छपाई तथा वितरण, ४००० प्रति • **चालुकोष निर्देशिका मस्यौदा** तयारी	लैङ्गिक हिंसा निवारण कोष, मानव बेचबिखन नियन्त्रण कोष, एकल महिला सुरक्षा कोष, चालुकोष, आपत्कालीन बाल उद्धारकोष) • कर्मचारी व्यवस्थापन तथा तलब भत्ता भुक्तानी/सामाजिक परिचालिकाको प्रोत्साहन भत्ता । • कार्यान्वयनमा स्थानीय स्तरमा सम्पर्क एवं. समन्वयमा कठिन । • समुदायस्तरमा गरिदै आएका महिला विकास कार्यक्रम, लैङ्गिक हिंसा निवारण कार्यक्रम, जिल्ला सेवा केन्द्र, सामुदायिक सेवा केन्द्र, मनोसामाजिक विमर्श केन्द्रजस्ता क्रियाकलापको सबै स्थानमा पूर्ववतरुपमा निरन्तरता नभएको • विभिन्न ऐन तथा निर्देशिका बमोजिम जिल्लामा सञ्चालित विभिन्न प्रयोजनका कोषहरुको परिचालन (लैङ्गिक हिंसा निवारण कोष, मानव बेचबिखन नियन्त्रण कोष, एकल महिला सुरक्षा कोष, चालुकोष, आपत्कालीन बाल उद्धारकोष) अवरुद्ध भएको • बीउपूजीको लागि महिला संस्था समितिलाई परिचालन		

क्र. सं.	बजेट उपशिर्षक	आयोजना/ कार्यक्रमको नाम	प्रगति स्थिति (%) मा		यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु	कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ)	समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ)	कैफियत
			भौतिक	वित्तिय				
						भएको चालुकोष अवरुद्ध हुँदा सम्झौताको म्याद समाप्त भएका संस्थाबाट रकम असुली र पुन लगानी प्रभावित भएको • सार्वजनिक स्थल, सवारी साधन तथा सेवाहरुलाई अपांगमैत्री बनाउन नसकिएको ।		
५.	३४०११२ ३/४	लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरुको एकीकृत विकास कार्यक्रम, केन्द्रस्तर	१००	२९४.३७	• प्रथम चौमासिकमा भुक्तानी दिन बाकी रहेका कार्यक्रमहरुको पनि दोश्रो चौमासिकमा भुक्तानी निकासा भएकोले वित्तिय प्रगति बढी हुन गएको ।	।		
६.	३४००१३	**समाजकल्याण परिषद्**	१००	२०८.४	• संघसंस्था आवद्धता : यस आ.ब.मा ७३४ (हालसम्म ४९,७३९ वटा) • कार्यक्रम स्वीकृत तथा अनुमोदन • २२१ संस्थाका २५७ वटा कार्यक्रमवाट • रु ३ अर्व २१ करोड २१ लाख ६४ हजार ९० • गै.स.स.को खर्च अनुमोदन (१५ संस्था) • रु (२५ करोड ९१ लाख ३५ हजार ४१ (प्रकृयामा रहेको) • २२ अ.गै.स.स.को परियोजना सम्झौता • रु ८ अर्व ७३ करोड २३ लाख ३४ हजार ५ सय ७४ • गै.स.स. अनुगमन मूल्यांकन – ३४ वटा संस्थाको १२० वटा परियोजना • अ.गै.स.स.को मूल्यांकन – मध्यावधि र अन्तिम गरी जम्मा	समाजकल्याण परिषदले समयमै निकासा नलगेको ।	समाजकल्याण परिषदसंग निकाशाका लागि छलफल भएको ।	

क्र. सं.	बजेट उपशिर्षक	आयोजना/ कार्यक्रमको नाम	प्रगति स्थिति (%) मा		यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु	कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ)	समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ)	कैफियत
			भौतिक	वित्तिय				
					१८ • **आय :रु ४,३३,५५,८३१।३०** • **व्यय :रु ४,३७,३३,०४६।९६** • आ.व २०६४।६५, २०६७।०६८, २०७१।७२, २०७३।०७४ को बेरुजु फछर्योट संग सम्वन्धित १ करोड २४ लाख बरावरको बेरुजु संपरीक्षण प्रस्ताव तयार गरेको र सो मध्ये ७५ लाखको प्रस्ताव महालेखा परीक्षकको कार्यालयमा संपरीक्षणको लागि पेश गरिएको ।			
७.	३४०१०८३	**केन्द्रीय बाल कल्याण समिति**	७७.१२	४६.१५	<u>बालबालिका खोजतलास समन्वय केन्द्र नं.१०४ सम्बन्धी</u> • हराएका ११२४(बालक ३६६ र बालिका ७५८) जना बालबालिका मध्ये फेला परेका ४०१(लक १५२ र बालिका २४९) जना बालबालिका र बेवारिसे फेला परेका १५० (बालक ९९ र बालिका ५१) जना बालबालिका गरी ५५१ (बालक २५१ र बालिका ३००) बालबालिकाको उद्धार तथा खोजतलास गरी परिवारमा पुनर्मिलन र बेवारीसे फेला परेका ८० जना (बालक ५५ र बालिका २५) बालबालिकालाइ बाल गृहमा पुनर्स्थापना गरिएको । <u>बाल हेल्पलाइन नं.१०९८ सम्बन्धी</u> • जोखिमपूर्ण अवस्थामा रहेका १०६८(बालक ५२० र बालिका ५४८) जना बालबालिकाको अपत्कालिन उद्दार गरी संरक्षण व्यवस्थापन	वैदेशिक सहयोगवाट संचालित कार्यक्रमहरुको समयमै निकाशा एवं फुकुवा सहमति प्राप्त नभएको ।	निकाशा एवं फुकुवा सहमतिको लागि आवस्यक समन्वय भैरहेको । • प्रदेश मन्त्रालयका मन्त्री र सचिवहरुसंग अन्तरकृया गोष्ठी • कर्मचारी व्यवस्थापन र महिला विकास कार्यक्रमको उपलव्धी जगेर्ना गर्न आवश्यक समन्वय भैरहेको ।	

क्र. सं.	बजेट उपशिर्षक	आयोजना/ कार्यक्रमको नाम	प्रगति स्थिति (%) मा		यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु	कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ)	समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ)	कैफियत
			भौतिक	वित्तिय				
					गरिएको । • १०९८ मार्फत उपलब्ध गरिएका सेवाहरु • मनोविमर्श - ३८८ जना, पारिवारिक परामर्श - ४५४ जना, आश्रय -४९ जना,आर्थिक सहयोग - २३६, कानुनी सेवा -३१, बालश्रम उद्धार-१२६, सडक बालबालिका उद्धार - ९ जना **बाल गृह विशेष सहयोग :** • विशेष हेरचाह र संरक्षणको आवश्यकता भई ओम अपाङ्गता बालबालिका स्याहार केन्द्र र द्धन्द्ध पीडित तथा अपाङ्ग समाज नेपाल बाल गृहको संरक्षण र स्याहारमा रहेका ५६ जना बालबाललिका (र बालिका २८ बालक २८)को हेरचाह, स्याहार, पालन पोषण र संरक्षणका लागि कार्य सम्पादन सम्झौता गरी आर्थिक सहयोग प्रदान गरिएको । • **सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन** • हालसम्म ९९९ जना सडक बालबालिकाको उद्धार, संरक्षण व्यवस्थापन गरिएको (गत आ.व.सम्म ८७३) • **बालगृह तथा बाल अधिकार हनन् का घटनाहरूको अनुगमन र नियमन** • सुनसरी, मोरङ, उदयपुर, मकवानपुर र चितवन जिल्लामा सञ्चालित बाल हेल्पलाइन नं. १०९८			

क्र. सं.	बजेट उपशिर्षक	आयोजना/ कार्यक्रमको नाम	प्रगति स्थिति (%) मा		यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु	कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ)	समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ)	कैफियत
			भौतिक	वित्तिय				
					नेपालको अनुगमन गरिएको • अन्तर्राष्ट्रिय बालअधिकार दिवस नोभेम्बर २० मा सरोकारवालाहरूको सहभागितामा मनाइएको • राष्ट्रिय सञ्चार माध्यमबाट बाल संरक्षणा सम्बन्धी सूचना, सन्देश प्रचार प्रसार, प्रकाशन तथा प्रसारण गरिएको । • बाल हेल्पलाइन सम्बन्धी जानकारी मूलक पोस्टर र पम्पलेट र फ्लेक्स प्रकाशन गरी १२ वटा हेल्पलाईन नं. १०९८ सञ्चालन गर्ने संस्थाहरूमार्फत १६ जिल्लाका १४८ स्थानीय तहहरूमा वितरण गरिएको • बाल हेल्पलाइन सम्बन्धी जानकारीमूलक रेडियो जिङ्गल केन्द्रमा ३८५ वटा रेडियो स्टेशन र दुइटा टेलिभिजनबाट ६ हजार ६५७ पटक राष्ट्रिय भाषामा, जिल्लाका २३ वटा एफएमबाट १० हजार ६२४ पटक स्थानीय भाषामा प्रसारण गरिएको • **<u>समन्वय, सहजीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी</u>** • २ प्रदेशका १३ वटा जिल्लाका २३ वटा स्थानीय तहका प्रमुख, उपप्रमुख लगायतका ६७३ जना पदाधिकारी, कर्मचारी तथा सम्पर्क व्यक्तिलाई बाल अधिकारको दृष्टिकोणबाट स्थानीय तहको योजना तर्जुमा विधि बारे अभिमूखीकरण एवम् क्षमता अभिवृद्धि गरिएको (१3 जिल्लाहरू (बैतडी, कन्चनपुर, रूकुम पश्चिम, गुल्मी, ओखलढुङ्गा, झापा, धनकुटा,			

क्र. सं.	बजेट उपशिर्षक	आयोजना/ कार्यक्रमको नाम	प्रगति स्थिति (%) मा		यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु	कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ)	समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ)	कैफियत
			भौतिक	वित्तिय				
					सोलखुम्बु, चितवन, ललितपुर, धनुषा र पर्सा)) • कर्णाली, सुदूर पश्चिम र ५ नं. प्रदेशका सामाजिक विकास मन्त्रालयलका सचिव सहित स्थानीय तहका प्रमुख तथा प्रतिनिधि, नेपाल प्रहरी, श्रम कार्यालय, स्वास्थ्य कार्यालय, पत्रकार महासंघ र अन्य गैससका प्रतिनिधिहरू गरी १४८ जनासंग अन्तरक्रिया गरियो । • स्थानीय तहको वार्षिक कार्ययोजनामा घटना व्यवस्थापन, बालसंरक्षणका सवालहरूको अनुगमन लयागतका विषयहरू समावेश गर्नका लागि कपिलवस्तु र पर्सा जिल्लाका १/१ वटा स्थानीय तहमा प्राविधिक सहयोग तथा सजहीकरण गरिएको । • धनुषा, दाङ र मोरङमा अभिमूखीकरण केन्द्र राखी सम्बन्धित प्रदेशका बालबालिका विषय हेर्ने 186 जना पत्रकारहरूलाई बाल संवेदनशील सूचना सञ्चार माध्यमका लागि बालमैत्री संचार आचार संहिता सम्बन्धी अभिमूखीकरण तथा अन्तरक्रिया गरिएको । • प्रदेश नं. २ को धनुषा र पर्सा जिल्लाका महिला तथा बालबालिका हेर्ने १७९ जना फोकल व्यक्तिहरूलाई घटना व्यवस्थापन क्षमता अभिवृद्धि तालीम सञ्चालन गरिएको • बाल हेल्पलाइन नं. १०९८ सञ्चालित १२ जिल्लामध्ये ११ जिल्लामा जिल्ला सल्लाहकार समितिको बैठक सञ्चालन गरिएको । बैठकमा कूल १९७जनाको सहभागिता रहेको ।			

क्र. सं.	बजेट उपशिर्षक	आयोजना/ कार्यक्रमको नाम	प्रगति स्थिति (%) मा		यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु	कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ)	समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ)	कैफियत
			भौतिक	वित्तिय				
					• कार्याशाला गोष्ठी सम्पन्न भएको जसमा 69 जनाको सहभागिता रहेको । • ११ वटा बाल हेल्पलाईन नं.१०९८ सञ्चालनमा रहेका संस्थाका घटना व्यवस्थापक, मनोविमर्शकर्ता र आइ.टि. सम्बन्धी कर्मचारीहरू १/१ जनालाई १/१ दिने विषयगत क्षमता अभिवृद्धि तालीम सञ्चालन गरिएको । • **<u>बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन तथा अन्य बालबालिका सम्बन्धी प्रकाशन</u>** • बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन, २०७५ तयारी गरी अन्तर्राष्ट्रिय बाल अधिकार दिवस (नेभेम्बर २०) का दिन प्रकाशन तथा वितरण गरिएको । • कार्तिक मसान्तसम्म आम सञ्चार माध्यममा प्रकाशनमा आएका घटनाहरूको विष्लेशण गरी चौमासिक फ्याक्ट सिट तयार गरिएको । बालबालिका सम्बन्धी ई-पोर्टल निरन्तर सञ्चालन तथा अद्यावधिक गरिएको । • बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन, २०७५ अंग्रेजीमा शारांस अनुवाद गरिएको । • प्रदेश नं.१, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशमा बाल अधिकार सम्बन्धी सूचना व्यवस्थापन गरी प्रकाशन गरिएको । • **<u>भवन निर्माण सम्बन्धी</u>**			

क्र. सं.	बजेट उपशिर्षक	आयोजना/ कार्यक्रमको नाम	प्रगति स्थिति (%) मा		यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु	कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ)	समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ)	कैफियत
			भौतिक	वित्तिय				
					• कार्यालय भवन निर्माण सम्पन्न भएको । • **<u>कार्यसम्पादन हुन नसकेका कार्यक्रम</u>** • बालबालिका सम्बन्धी ऐन तथा नियम बमोजिम हुनेगरी सञ्चालन गर्न केही अध्ययन गर्न समय लागेको र लाग्ने भएको । • चालु आ.व. मा समितिको कार्यालय भवनको लागि वजेट विनियोजन नभएको, अनिवार्य भुक्तानी गर्नुपर्ने दायित्व रहेकोले कार्यक्रम संशोधनका लागि मन्त्रालयमा पेश गरिएको । • १. सडक बालबालिका उद्दार, संरक्षण तथा व्यवस्थापनका लागि अन्य स्रोत तथा प्रयासबाट व्यवस्था गर्न नसकिएकोले कार्यक्रम संशोधनका लागि मन्त्रालयमा पेश गरिएको । • • १. सडक बालबालिका उद्दार, संरक्षण तथा व्यवस्थापनका लागि अन्य स्रोत तथा प्रयासबाट व्यवस्था गर्न नसकिएकोले कार्यक्रम संशोधनका लागि मन्त्रालयमा पेश गरिएको ।			
८.	३४०११३	राष्ट्रपति महिला उत्थान कार्यक्रम	७८	४५.१३	• दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवति तथा सुत्केरी महिलाहरुका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७५, मा.मन्त्रीस्तरीय निर्णयबाट २०७५।०७।३० गते स्वीकृत भ**एको** • दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुका लागि तत्काल हवाई उद्धारद्धारा थप उपचारका लागि सुविधा सम्पन्न अस्पतालमा उपचार गर्नका लागि गृह तथा रक्षा मन्त्रालयसँग समन्वय गरी हाल सम्म ७ जनाको	विभिन्न ऐन, नियम, विनियम तथा निर्देशिकाहरुको स्वीकृती एवं कार्यान्वयन वांकी रहेको ।	विभिन्न ऐन, नियम, विनियम तथा निर्देशिकाहरु स्वीकृती भई कार्यान्वयनको क्रममा रहेको ।	

क्र. सं.	बजेट उपशिर्षक	आयोजना/ कार्यक्रमको नाम	प्रगति स्थिति (%) मा		यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धीहरु	कार्यान्वयनमा देखिएका समस्याहरु (एकमुष्ठ)	समस्या समाधानार्थ भएका प्रयासहरु (एकमुष्ठ)	कैफियत
			भौतिक	वित्तिय				
					उद्धार गरिएको । • राष्ट्रपति महिला उत्थान जीविकोर्पाजन सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०७५ स्वीकृत । • जीविकोपार्जन कार्यक्रम सञ्चालनका लागि ४७ सस्था छनोट भएको । • महिला उद्यमशीलता विकास र वित्तिय पहुँच सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत • प्रदेश नं. १,२,३, र गण्डकी प्रदेशका ३२ जना महिलालाई उद्यमशीलता विकास तथा वित्तिय पहुँच सम्बन्धी ३ दिने तालिम प्रदान । • प्रदेशस्तरमा हिंसा प्रभावित महिलाका लागि दीर्घकालिन पुनर्स्थापना केन्द्र संचालन गर्नका लागि १० लाखका दरले ७० लाख रकम निकासा गरिएको • नमुना ग्रामको लागि कार्यविधि तयार भएको • धनगढी, नेपालगंज र काठमाडौंमा नेपाल घरेलु तथा साना उद्योग महासंघको सहकार्यमा प्रदर्शनी सम्पन्न भएको			